नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## काठमाडौँ

(प्रशासन शाखा)

प.सं. ०७७/७८
च.नं. १०९६

मितिः-२०७७/०८/३०

**सेवाग्राही नागरिकहरुमा जिल्ला प्रशासन कार्यालय काठमाडौंको अनुरोध।**

यस कार्यालयबाट प्रदान गरिने सेवाहरुलाई थप प्रभावकारी बनाउदै भ्रष्टाचारविरुद्ध शून्य सहनशीलतालाई आत्मसात् गर्दै सेवाग्राही मैत्री वातावरण निर्माणको लागि हामी कटिबद्ध रहेका छौं। कार्यालयबाट प्रदान गरिने सेवाहरु लिनको लागि आवश्यक पर्ने कागजात तथा दस्तुरको विषयमा नागरिक वडापत्रमा स्पष्ट उल्लेख गरिएको साथै आन्तरिक कार्यसम्पादनलाई समेत प्रणालीबद्ध गर्न कार्यालयको कार्यसञ्चालन विधि (Standard Operating Procedures-SOP) समेत लागू गरिसकिएको छ।

कामको सिलसिलामा आवश्यक पर्ने विभिन्न अनुसूचीहरु, फारामहरु तथा निवेदनहरु र हुलाक टिकट तथा फोटोकपी समेत कार्यालय परिसर भित्र नेपाल बाल संगठनले उपलब्ध गराउँदै आइरहेकोले कुनै किसिमको निवेदन लेख्नको लागि कार्यालयसँग असम्बन्धित व्यक्तिहरुलाई महँगो शुल्क तिर्नु पर्ने अवस्था समेत छैन।

नागरिकताको लागि हुलाक टिकट बाहेक अन्य कुनै पनि शुल्क नलाग्ने, राहदानीको (नयाँ तथा नवीकरण) लागि रु.५,०००/-, १० वर्ष मुनिका नाबालकको हकमा रु. २५००/- र बिग्रेको/हराएकोमा नयाँ लिनु परेमा रु.१०,०००/-, संस्था दर्ताको लागि रु.१,०००/- तथा नवीकरणको लागि रु.६००/- (जरिवानाको हकमा प्रत्येक वर्षको थप रु. १,५००/-) दस्तुर रहेको र उक्त रकम जम्मा गर्नको लागि कार्यालय परिसर भित्र NMB बैंकको काउन्टर (कोठा नं. १०४) समेत व्यवस्था गरिएकोले कार्यालयका कर्मचारी वा अन्य कुनै पनि व्यक्तिसँग नगदको कारोबार गर्नु पर्ने अवस्था नभएको हुँदा नगद कारोबार नगरिदिनु हुन अनुरोध छ।

कार्यालयसँग असम्बन्धित केही व्यक्ति तथा बिचौलियाहरुले कार्यालयका कर्मचारीहरुलाई बिभिन्न बहानामा रकम बुझाउनु पर्छ भन्ने गरेको सुन्नमा आएकोले त्यस्तो भ्रममा नपर्नु हुन र कसैले त्यसरी रकम मागेमा अथवा कार्यालयको सेवा प्रति कुनै गुनासो वा सुझाव भएमा प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारीहरुको उल्लेखित नम्बरहरु वा कार्यालयको वेवसाइट daokathmandu.moha.gov.np मा रहेको सम्बन्धित शाखाका प्रशासकीय अधिकृतहरुको मोबाईल नं. मा सम्पर्क गर्नु हुन हार्दिक अनुरोध छ।

| | |
|---|---|
| प्रमुख जिल्ला अधिकारी श्री काली प्रसाद पराजुली | ९८५१२०७७७७ |
| सहायक प्रमुख जिल्ला अधिकारी श्री जीवन प्रसाद दुलाल | ९८४१२६५६५७ |
| सहायक प्रमुख जिल्ला अधिकारी श्री जनक राज भट्ट | ९८४१२०३८१२ |
| सहायक प्रमुख जिल्ला अधिकारी श्री कल्पना घिमिरे नेपाल | ९८४९५९६१८० |

२०७७/८/३०
जीवन प्रसाद दुलाल
सहायक प्रमुख जिल्ला अधिकारी

कार्यालयको ठेगाना :बबरमहल ,काठमाडौं, नेपाल ।
फोन नं .०१-४२६२४७८ ,०१-४२६२८२८ ,०१-४२६२४४८ ,०१-४२४८९८५, फ्याक्स नं .०१-४२६२८२८
इमेल :daobabarmahal@gmail.com वेवसाइटः daokathmandu.moha.gov.np